
वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका

आ.व. २०७५/०७६



नेपाल सरकार

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन इकाई

पोखरा, कास्की

फोन नं. ०६१ ४६२४८८, ४६७४४३

मोबाईल नं. ९८५६००७१००

अडियो नोटिस बोर्ड सेवा : १६१८०६२४६२४८८

ईमेल : pmampszonekaski4@gmail.com

वेभसाइट : www.kaski4pmamp.gov.np.



सेमी हाई-टेक ग्रीन हाउस-गोमा ढकाल (पामे)



सेमी हाई-टेक ग्रीन हाउस-गोमा ढकाल (पामे)



सेमी हाई-टेक ग्रीन हाउस कृषि
Intern हरु बाट कृषकहरुलाई सहजिकरण



प्रतिफलमा आधारित प्रोत्साहन अनुदान
-पो.म.न..पा-३८ कालिका



आई.पि.एम. कृषक पाठशाला-पो.म.न.पा.-३१
निर्मलपोखरी कृषकहरुलाई सहजिकरण



फिल्ड स्तरमा योजना तर्जुमा गोष्ठी-आर्वा पो.म.न.प
कृषकहरुलाई सहजिकरण

CamScanner

मेरो भनाई



हाम्रो कृषि प्रणाली आजका दिन सम्म पनि निर्वाहमुखी नै छ, यसलाई व्यवसायिक, बिशिष्टिकृत एवं औद्योगिक कृषि प्रणालीमा रुपान्तरण गरी उत्पादन मूलक क्षेत्रमा प्रशस्त रोजगारी सृजना गर्ने र दिगो कृषि विकासको माध्यमबाट मुलुकको शहश्राब्दी बिकास लक्ष्य हासिल गर्न कृषि क्षेत्रले प्रशस्त संभावना बोकेको छ । खाद्यान्न तथा खाद्य पदार्थको मूल्यमा देखिने उतार चढाव, कृषि उत्पादन सामाग्रीहरुको प्रर्याप्त आपूर्ति नहुनु, पूर्वाधार विकासको कमी, युवावर्गको विदेशीने क्रम बढ्दै जानु, कृषि क्षेत्रमा देखिएको श्रम शक्तिको अभाव र प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरुले कृषि क्षेत्रमा आशातित सफलता हासिल गर्न नसकिएको यथार्थ हो । कृषि उपजहरुको बिशिष्टकृत क्षेत्रहरुको निर्माण एवं निर्यात योग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि मार्फत सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास एवं रोजगारीको अवसरहरु सृजना गर्ने उदेश्यका साथ आ.व. २०७३/०७४ देखि कास्की जिल्लाको पोखरा-लेखनाथ महानगरपालिका क्षेत्रको पोखरा, हेमजा, लेखनाथ, भरतपोखरी र निर्मलपोखरी लाई कार्य क्षेत्र बनाई बिशिष्टिकृत बाली तरकारीको वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम संचालनमा ल्याईएको थियो । आ.व. २०७४/०७५ देखि परियोजनाले पोखरा लेखनाथ महानगरपालिका पोखरा-महानगरपालिकामा परिणत भए पश्चात महानगरको ३३ वटै वडा पालिकामा आफ्नो कार्यक्रमहरु संचालन गरिरहेको छ ।

बिगतका केही बर्ष यता मात्रै नेपालको समग्र कृषि क्षेत्रमा आधुनिकीकरणका संकेत र परिदृश्यहरु देखिएका छन् । उन्नत कृषि सामग्रीहरु तथा प्रबिधिको प्रयोग, यान्त्रिकरण, बजारमा आधारित कृषिउपज उत्पादन तथा बितरण, कृषिफर्मको नाफा नोक्सानको हिसाब राख्ने प्रचलन आदिलाई कृषि क्षेत्रको समग्र आधुनिकीकरणका प्रारम्भिक संकेतको रुपमा लिन सकिन्छ भने यस क्षेत्रमा बढ्दो निजी लगानी अर्को संकेत हो । हाल कृषि क्षेत्रको आधुनिकीकरणको प्रक्रियाको थालनी भए पनि समग्र ग्रामिण कृषि अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी यो प्रक्रिया तीब्र र बाह्य परिवेश सापेक्ष हुन सकेको छैन । आधुनिकीकरण प्रक्रियाको थालनी गर्न देशैभर प्रधानमन्त्री आधुनिकीकरण परियोजना लागु गरिएको सन्दर्भमा कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका हालको पोखरा महानगरपालिकाको ३३ वटै वडा पालिकामा आ.व.२०७३/०७४ देखि नै यस परियोजनाबाट हाईटेक ग्रिनहाउस निर्माण, पोष्ट हार्भेष्ट सेन्टर स्थापना, कष्टम हायरिङ्ग सेन्टर संचालन, प्रांगारिक मल कारखानाको स्थापना, कृषि प्रबिधि केन्द स्थापना, कृषि बजार तथा सूचना प्रणाली संचालन, सिंचाई पूर्वाधार निर्माण जस्ता दीर्घकालिन रुपमा सहयोग पुग्ने खालका कार्यक्रमहरु संचालन गरिएको छ । यो पुस्तिका परियोजना शुरु भएको दोश्रो बर्ष सुपरजोन प्रोफाईल तयारी तथा प्रकाशन शिर्षकमा तयारी गरिएकोमा कार्यक्षेत्रको तथ्यांकीय विवरण यकिन भई नसकेको अवस्थामा प्रकाशन गरिएको थियो । यस बर्ष बार्षिक प्रगति पुस्तिका प्रकाशन कार्यक्रम अन्तर्गत यसलाई थप मूर्त रुप दिने प्रयास गरिएता पनि आगामी दिनमा सुधारको प्रशस्त संभावना रहने कुरालाई नकार्न भने सकिदैन । यस पुस्तिकाले तरकारी व्यवसायमा संलग्न सरोकारवाला, नीतिनिर्माता, अनुसन्धानकर्ता, विद्यार्थी, कृषक तथा कृषि क्षेत्रमा संलग्न सबैमा उपयोगी हुने आशा एवं विश्वास लिएका छौं ।

परियोजना कार्यान्वयन आवश्यक सहयोग एवं सहजिकरण गर्नु हुने परियोजना व्यवस्थापन इकाई, सुपरजोन संचालक समितिका पदाधिकारीहरु, परियोजनामा आवद्ध कृषक/कृषक समुह/कृषिउद्यमी/कृषि सहकारीहरुका पदाधिकारीहरुलाई दिलै देखि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, विविध क्षेत्रको तथ्यांक उपलब्ध गराउन सहयोग गर्ने कार्यालयहरु, संघ संस्थाहरु प्रति आभार व्यक्त गर्दछु । यस पुस्तिका प्रकाशनमा सहयोग पुऱ्याउनु हुने यस इकाईका कृषि अधिकृत श्री निशा कडेललाई विशेष धन्यवाद तथा अन्य सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

बसन्तकुमार श्रेष्ठ
(बरिष्ठ कृषि अधिकृत)

विषय सूचि

खण्ड-१

जिल्लाको परिचयात्मक विवरण

क्र.सं.	विषय	पेज नं.
१	परिचय	१
२	जनसंख्या	१
३	राजनैतिक वर्गिकरण	१
४	भौगोलिक तथा सामाजिक अवस्था	१
४.१	भौगोलिक अवस्थिति	१
४.२	सामाजिक अवस्था	२
५	जलवायु	२
६	पर्यावरण	२
७	प्रमुख पर्यटकीय आकर्षणहरु	३
८	खेतीयोग्य जमिन	३
८.१	जिवीकोपार्जन र खेतीप्रणाली	३
८.२	सिंचाईको स्रोत र उपलब्धता	४
८.३	तरकारी उत्पादनको अवस्था	४
८.४	रासायनिक मल आपूर्तिको स्थिती (२०७२/०७३)	४
९	पूर्वाधारको अवस्था सडक, विद्युत, बजार	५
१०	सूचना तथा सञ्चारको अवस्था	५
११	कृषि क्षेत्रमा सक्रिय सरकारी तथा गैरसरकारी निकायहरु	५

खण्ड-२

परियोजना परिचय

१	पृष्ठभूमि	६
२	कृषि क्षेत्रको समग्र परिदृश्य	७
३	कृषि रुपान्तरको आवश्यकता	८
४	कृषि आधुनिकीकरण	८
५	परियोजना मार्फत कृषिको आधुनिकीकरण के, किन र कसरी ?	८
६	परियोजनाको परिचय	९

CamScanner

६.१	परियोजनाको संभागहरु	९
६.२	परियोजना संचालनको अवधारणा	९
६.३	परियोजना संचालन गर्ने निकाय	९
६.४	परियोजनाको सोच, लक्ष्य र उद्देश्य	१०
६.५	विद्यमान नितीगत व्यवस्था र परियोजना बीचको अन्तरसम्बन्ध	११
६.६	परियोजनामा जोखिम तथा अनुमान	१३
६.७	जलवायुको प्रभाव	१४
६.८	बढ्दो शहरीकरण तथा परियोजनाका कार्यक्रमहरु	१५
६.९	परियोजनामा सामाजिक र वातावरणीय पक्ष	१५
६.१०	कुल गार्हस्थ उत्पादन र परियोजनाको प्रक्षेपण	१५
६.११	रुपान्तरणका आधारहरु	१५
६.१२	परियोजनाबाट हुने लाभको विश्लेषण तथा समावेशीकरण	१६

खण्ड-३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, तरकारी सुपरजोन, कास्की

१	परिचय	१८
२	परियोजना कार्यान्वयन इकाईको उद्देश्य	१९
३	संगठनात्मक संरचना	१९
३.१	कार्यान्वयन इकाइस्तर	१९
३.२	सुपरजोन संचालक समिति	१९
४	जनशक्ति विवरण	२१
५	हाल कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण	२१
६	हाल सम्मका कार्यालय प्रमुखको विवरण	२२
७	प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, तरकारी सुपरजोन कास्की आ.व. २०७४/०७५/ को स्विकृत बार्षिक कार्यक्रम	२३
८	२०७५/०७६ को स्विकृत बार्षिक कार्यक्रम	३०
९	आ.व. २०७५/०७६ को बार्षिक प्रगति प्रतिवेदन	३४
१०	आयोजनाबाट संचालित कार्यक्रमहरुको विवरणात्मक प्रगति	४३
१०.१	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी	४३
१०.२	सहभागिता व्यवसायिक उत्पादन प्रशोधन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम	४३

CamScanner

खण्ड-१
जिल्लाको परिचयात्मक विवरण

१. परिचय

कास्की जिल्ला नेपालको संघीय संरचना अनुसार गण्डकी प्रदेशमा अवस्थित पर्यटकीय जिल्ला हो । यो जिल्ला अन्नपूर्ण हिम श्रृङ्खला तथा माछापुच्छे हिमालको काखमा रहेको छ । भौगोलिक, सांस्कृतिक एवं बातावरणीय विविधताको कारण यस जिल्ला अनुपम पर्यटकीय केन्द्रको रुपमा विश्वमा प्रसिद्ध छ । क्षेत्रफल र जनसंख्याको हिसावले ७५ जिल्लाहरु मध्ये क्रमशः सत्ताइसौं र उन्नाइसौं स्थानमा रहेको यस जिल्लाको सदरमुकाम पोखरा महानगरपालिका अन्तर्गतको पोखरा सहरले नेपालकै सुन्दर र सफा नगरको रुपमा पहिचान राखेको छ । आ.ब. २०६७/०६८ मा यस जिल्ला देशको पहिलो खुला दिशामुक्त जिल्ला घोषित हुन सफल भएको थियो भने आ.ब.२०७२/७३ मा पूर्ण साक्षर जिल्ला घोषणा भएको थियो । नेपालको राजधानी काठमाडौं देखि करिब २०० किलोमिटर पश्चिममा रहेको यो जिल्ला प्राकृतिक रूपले अत्यन्त मनोरम स्थान हो ।

कास्की जिल्ला नेपाल अधिराज्यको मध्य पहाडस्थित विश्व प्रसिद्ध अन्नपूर्ण हिमश्रृंखलाको दक्षिण काखमा अवस्थित छ । पर्यटन विकासको लागि राजधानी पछिको यो दोश्रो शहर हो । नेपाल कृषि प्रधान देश भएकोले कास्की जिल्लाका जनताको मुख्य पेशा पनि कृषि हो । यस जिल्लाको कूल जनसंख्याको आर्थिक दृष्टिकोणले सक्रिय जनसंख्याको करीब ७१ % जनता कृषिमा आधारित रहेका छन् । यो जिल्लालाई परिचित गराउने प्राकृतिक दृश्यहरुमा फेवा, वेगनास, रूपा, खाप्टे, मैदी आदि तालहरु तथा धौलागिरी, माछापुच्छे, अन्नपूर्ण हिमश्रृंखलाहरु सेती नदीको जमीन भित्रबाट प्रवाह, महेन्द्रगुफा, सिद्धेश्वर गुफा गुप्तेश्वर गुफा, महादेव गुफा, पातले छाँगो (डेभिड फल) आदि मनोरम दृश्यहरु रहेका छन् । सडक यातायातको क्षेत्रमा पृथ्वी, सिद्धार्थ र भूपी शेरचन राजमार्गहरुले तराई, पहाड र राजधानीसँग जोडिको छ भने हवाई मार्गले पनि पोखरा सुन्दर नगरीले मनाङ, मुस्ताङ, भैरहवा, भरतपुर लगायत अन्य क्षेत्रसँग सम्पर्क कायम गरेको छ ।

२. जनसंख्या

२०६८ सालको राष्ट्रिय जनसंख्या अनुसार यस जिल्लामा जम्मा घरसंख्या १२५६९३ र कुल जनसंख्या ४९२० ९८ छ जसमा पुरुष २३६३८५ र महिला २५५७१३ रहेको छ । यस जिल्लाको जनसंख्या वृद्धिदर २.५७ % रहेको छ भने जनघनत्व २४४ प्रति वर्ग कि.मि. रहेको छ । त्यसैगरी औषत परिवार संख्या ३.९२ रहेको छ जुन नेपालको सवैभन्दा कम हो । यस जिल्लामा गुरुङ, ब्राह्मण, क्षेत्री, मगर, नेवार, थकाली, विश्वकर्मा, परियार, मिजार आदि जातका मानिसहरु मुख्य रुपमा बसोबास गर्दछन् ।

३. राजनैतिक बर्गीकरण

यस जिल्लामा देशकै ठूलो महानगरपालिकाको रुपमा परिचित पोखरा महानगरपालिका र चारवटा गाउँपालिका (माछापुच्छे, अन्नपूर्ण, मादी र रुपा) हरु रहेका छन् ।

४. भौगोलिक तथा सामाजिक अवस्था

४.१ भौगोलिक अवस्थिति

पोखरा महानगरपालिका वि.स. २०७३ फाल्गुन २७ गते पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तामागी (३, ९), कास्कीकोट माझठाना (१, ४, ९) कालिका (१, ५) र पुरन्चौर गा.वि.स. मिली कुल ३३ वटा वडामा विभाजित छ ।

अनुसुची-१

अक्षांस :	२८ डिग्रि ०४ मिनेट १० सेकेन्ड उत्तरदेखि २८ डिग्रि २० मिनेट ३० सेकेन्ड उत्तरी अक्षांश
देशान्तर :	८४ डिग्रि ४८ मिनेट ४० सेकेन्ड पूर्व देखि ८४ डिग्रि ०९ मिनेट ५० सेकेन्ड पूर्वदेशान्तर
उचाई :	समुद्री सतहवाट उचाई तल्लो भाग ४१८ मिटर उच्च स्थान २७१५
क्षेत्रफल :	४६४.२४ वर्ग किलोमिटर
जनसंख्या :	४१४,१४१
घरधुरी	१,०५,६३०

(श्रोत : पोखरा महानगरको वेभसाईट)

४.२ सामाजिक अवस्था

पोखरा महानगरपालिकाको जनसङ्ख्या ४,१४,१४१ छ । ५.४६ % जनसङ्ख्या वृद्धि रहेको यहाँको वृद्धिदर अधिराज्यमै सर्वाधिक मध्ये पर्छ । सन् २०११ को तथ्याङ्कअनुसार यहाँ बाहुन २२.८३ %, गुरुङ २१.६२ %, मगर ८.२० %, क्षेत्री १५.३५ %, दलित ८.७१ % रहेका छन् । यस महानगरपालिकामा खस (ब्राह्मण, क्षेत्री, ठकुरी, दस्नामी), जनजाति (गुरूङ, मगर, तामाङ, किँरात, थकाली, भुजेल, नेवार) अल्पसंख्यक कुमाल, गन्धर्व र मुस्लिम जस्ता विभिन्न जात, जाति एवं भिन्दा भिन्दै भाषा, धर्म र संस्कृति भएका मानिसहरूको बसोबास रहदै आएको छ। पोखरा पर्यटकीय दृष्टिकोणले पनि उत्कृष्ट गन्तव्य हो ।

पोखरा तथा लेखनाथको मुख्य व्यवसाय पर्यटन हो । पोखरा महानगरपालिकामा विन्ध्यवासिनी मन्दिर, धर्मशाला, वौद्धविहार, मैत्री चैत्य तथा राधाकृष्ण मन्दिर, भद्रकाली मन्दिर, शोभा भगवती मन्दिर, सिद्धेश्वर महादेव, पुष्करेश्वर शिव मन्दिर, राम मन्दिर, केदारेश्वर मन्दिर, शिवहरी मन्दिर तथा नमोबौद्ध गुम्बा आदि ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरू रहेका छन् भने सेती नदीको गल्छी, चमेरे गुफा, पाताले छाँगो, महेन्द्र गुफा, गुप्तेश्वर गुफा आदि यहाँका प्राकृतिक पर्यटकीय स्थलहरू हुन् । यहाँका रमणीय तालहरू र सेतीगण्डकी हिमाली छायाँ तथा झरनाहरू प्रमुख पर्यटकीय आकर्षण हुन् । फेवातालमा पर्ने माछापुच्छे हिमालको छाँया तथा बेगनासमा गरीने डुङ्गा सयर विर्सिनसक्नुका छन् । साथै अन्नपूर्ण पदमार्ग पनि यहीबाट शुरू हुन्छ ।

(श्रोत : विकिपिडिया)

५. जलवायु

पोखरा महानगरपालिका पोखरा उपत्यकाको उत्तरपश्चिम कोणमा रहेको छ । देशकै सवैभन्दा बढी पानी पर्ने स्थल लुम्ले यही पोखरा क्षेत्रमा पर्दछ । पोखरा शहरभित्रै पानी पर्ने मात्रा दक्षिण र उत्तरमा फरक छ । सेती गण्डकी यहाँको मुख्य नदी हो जुन पोखराको मध्ये भागवाट बहन्छ । पोखरालाई 'तालहरुको शहर' पनि भनेर चिनिन्छ । समशितोष्ण हावापानी रहेको पोखरामा उचाई अनुसार यो हावापानीमा विविधता पाईन्छ । वर्षामा औषत रुपमा २५ डिग्री सेलिसयस र ३५ डिग्री से. को वीचमा र हिंउदमा माईनस २ डिग्री से. देखि १५ डिग्री से. सम्म तापक्रम रहेको पाईन्छ । हिउँदमा र वसन्त ऋतुको आकाश सफा र घमाईलो रहन्छ ।

६. पर्यावरण

पोखरा उपत्यका जलश्रोतमा धनी छ । पोखरा आसपासका नदी, खोला र तालहरु नै पानीका श्रोत हुन् । सेती नदी, काँहुखोला, विजयपुर खोला, फुम्ले खोला, काली खोला, याम्दी खोला, मार्दी खोला हर्पन खोला आदि र

फेवाताल, वेगनासताल, रुपाताल, दिपाङ ताल, न्यूरेनी, खास्टे ताल मैदी ताल गुँदे ताल र कमलपोखरी ताल र अन्य पोखरी हरु महत्वपूर्ण छन् । नौ तललाई रामसार सूचीमा राखिएको छ । तालको जलाधार क्षेत्रमा रहेको जङ्गलले यहाँको स्थानीय सुनगाभा आदि जङ्गली फूल एवं जडिबुटी, पुतली, चरा आदि संलग्न अनौठी जैविक विविधता छ । पोखरा अन्नपूर्ण पदयात्राको लागि आधार भूमि हो । पोखराबाट माछापुच्छ्रे, धौलागिरी, अन्नपूर्ण, मनास्लु प्रथम आदि हिमचुचुरा र हिमश्रृखंला नजिकै देखिन्छन् । भूगर्वविद् स्व टोनी हेगन को शब्द सापटी लिने हो भने शहर देखि नजिकै हिमालको यस्तो अवस्थिति संसारमै विरलै पाईन्छ । मानवनिर्मित संरचनाहरुले तललाई संक्रमण तथा अतिक्रमण गर्ने गरेको र ताल प्रदुषण भएको अवस्था आफैमा लज्जास्पद देखिन्छ । पोखरालाई स्वच्छ बनाउन उत्तर दक्षिण फैलिएको शहरमा पानी परेपछि सर्लक्क बग्ने भएर पनि हो ।

७. प्रमुख पर्यटकीय आकर्षणहरु

महत्वपूर्ण धार्मिक स्थल :- ताल बाराही मन्दिर, विन्ध्यवासिनी मन्दिर, गुप्तेश्वर मन्दिर, भद्रकाली मन्दिर, पातले छाँगो, सीता गुफा माटेपानी गुम्बा, विश्व शान्ति स्तुपा,

ताल : फेवा ताल, रुपा ताल, वेगनास ताल, मैदी ताल, दिपाङ्ग ताल, खाप्टे ताल, न्युरेनी ताल र गुँदे ताल र आसपासका मनोरम सिमसार क्षेत्रहरु,

पदमार्ग : कालिकाचोकदेखि राखी, शान्ती मैदान, माझठाना हुँदै पैदल (Royal Trek) पचभैया हुँदै वेगनासतालको पदयात्रा मार्ग,

अन्य : कवि शिरोमणी लेखनाथ पौडेलको जन्मस्थल तथा साहित्यिक तीर्थस्थल अर्घौं-अर्चले जैविक विविधतायुक्त घना जङ्गलहरु र टोपी आकारको जङ्गल (Helmet Forest) र यहाँ पाइने महत्वपूर्ण वनस्पतीहरुमा सुनगाभा, सुनौलारानी आदि, हुँडीकोट दृश्यावलोकन, पाण्डेथुम दृश्यावलोकन ।

८. खेतीयोग्य जमिन

समग्र नेपालकै परिपेक्षमा कुरा गर्ने हो भने पहाडी ईलाकाको मात्र २०% जमीन खेती योग्य रहेको छ । बेमौसमी तरकारी खेतीले यो आँकडालाई थामी रहेको छ । समग्र रुपमा तरकारीको उत्पादन बढेको पाईएको छ भने सन् २००० देखि सन् २०२० सम्म वार्षिक रुपमा ताजा तरकारी को मात्रा १.९% ले बढ्ने उल्लेख छ ।

पोखरा महानगरपालिकामा कूल २३४०० हेक्टर जमिन खेतीयोग्य देखिन्छ । जसमध्ये खेत १३६४० हेक्टर रहेको छ भने पाखो ९७६० हेक्टर रहेको छ । आ.व २०७१/७२ को आँकडालाई हेर्ने हो भने कूल २६०५ हेक्टर मा तरकारी खेती गरेका पाईएको छ ।

८.१ जिविकोपार्जन र खेतीप्रणाली

नेपालमा साना किसानहरुको आय आर्जनको प्रमुख स्रोत भनेको तरकारी खेती नै हो । नेपालमा लगभग ६९ % घरधुरीको निर्वाहमुखी अर्थतन्त्रमा तरकारी खेतीले प्राथमिकता पाउँछ भने १७ पतिशत महिला प्रधान घरधुरी मा निर्वाहमुखी अर्थतन्त्र तरकारी खेतीले धानेको छ ।

(श्रोतः केन्द्रीय तथ्यांक विभाग, सन् २०१०)

पोखरा उपत्यकालगायत यस्तै अन्य सुविधा सम्पन्न उत्पादन क्षेत्रहरुमा कृषकहरु परम्परागत कृषि प्रसार शैक्षिक पद्धतितर्फ भन्दा एक कदम अगाडि बढी परिस्थिति विशेषका उत्पादन प्रविधि र पद्धतिको खोजीमा छन् । एकातिर कृषकहरु विभिन्न बालीहरुको जैविक विविधताको संरक्षण र सम्वर्द्धन तर्फ जागरूक हुँदै गइरहेका छन् भने

अर्कोतिर विशेष गुणयुक्त स्थानिय बालीहरु लोप हुने अवस्थामा पुगेका छन् । कास्कीको जेठोबुढो धान र उल्लेखित क्षेत्रको स्थानीय काको प्रसिद्ध खेतीको रुपमा रहेका छन् ।

८.२ सिंचाईको स्रोत र उपलब्धता

कास्की जिल्लामा हालसम्म १२२५९ हेक्टर जमिन सिंचित अवस्थामा रहेको देखिन्छ भने पोखरा महानगर पालिकामा तालिकामा देखाईए अनुसारका सिंचाई योजनाहरु महत्वपूर्ण छन् ।

अनुसुची-२

सिंचाई योजना	सिंचित क्षेत्र (हे)
फेवा सिंचाई प्रणाली	३२०
हेम्जा सिंचाई प्रणाली	३२०
पोखरा जल उपयोग तथा सिंचाई	१०३०
विजयपुर सिंचाई प्रणाली	५८०
वेगनास सिंचाई प्रणाली	५८०
शिशुवा सिंचाई प्रणाली	५०
किमवेशी सिंचाई प्रणाली	५०
गड्डवा सिंचाई योजना	५०
हर्पनखोला सिंचाइ योजना	१०
तल्लो अधिकारी फाँट, पुरन्चौर	५
अर्घौं बडहरे सिंचाई योजना	२०
जम्मा	३०१५ हेक्टर

(श्रोत: पश्चिमाञ्चल क्षेत्रिय सिंचाई निर्देशनालय, पोखरा)

८.३ तरकारी उत्पादनको अवस्था

कास्की जिल्लामा आ.व २०७२/०७३ को तथ्याङ्क हेर्दा २६०५ हेक्टर क्षेत्रफलमा तरकारी खेती भई कुल २८७८१.६६ मेट्रिक टन उत्पादन भएको देखिन्छ । यसरी हेर्दा ११,६९० किलो प्रति हेक्टर तरकारी उत्पादन हुने गरेको तथ्याङ्क छ ।

(श्रोत: जिल्ला कृषि विकास कार्यालयको वार्षिक तथ्याङ्क)

८.४ रासायनिक मल आपूर्तिको स्थिति (२०७२/०७३)

अनुसुची-३

क्र.सं.	मलको किसिम	माग (मे.टन)	आपूर्ति (मे.टन)
१	युरिया	११००	९२०.४५
२	डि.ए.पि.	६००	५५८.५
३	म्युरेट अफ पोटास	८००	६१.२
जम्मा		१७८०	१५४०.१५
रासायनिक मलको प्रयोग : २६.३ के.जि प्रति हेक्टर			

(श्रोत: जिल्ला कृषि विकास कार्यालय, कास्की)

९. पूर्वाधारको अवस्था सडक, विद्युत, बजार

पोखरा उपत्यकको पूर्वमा पृथ्वी राजमार्गका माध्यमले मध्य पहाडी क्षेत्र, काठमाडौं उपत्यका दक्षिणमा चितवन जिल्ला तथा पूर्वपश्चिम राजमार्ग सँग जोडिएको छ भने सिद्धार्थ राजमार्गले पोखरालाई पश्चिम तराई, र केही पहाडी जिल्लासँग तथा धवलागिरी राजमार्गले पश्चिम उत्तरी पहाडी र हिमाली क्षेत्रसँग जोडेका छन् । पोखरा महानगरपालिकाको सम्पूर्ण भूभागमा लोकमार्ग, कालोपत्रे एवं कच्चीवाटो भएपनि सडक पूर्वाधारको पहुँच पुगेको छ । यस्तै गरी विद्युत को पहुँच पनि सबै वडामा रहेको छ । पोखरा महानगरपालिका भित्रका मुख्य बजार हरुमा लामाचौर, वगर, पृथ्वीचोक, महेन्द्रपुल, चिप्लेढुङ्गा, न्यूरोड, लेकसाईड, अमरसिंहचोक, चाउथे, बुढीबजार, शिशुवा, वेगनासताल आदि रहेका छन् । यसका अलावा यहाँ अत्याधुनिक सुपर मार्केट, प्राईभेट सपिङ मल आदि पनि सञ्चालनमा छन् । तरकारी बजारको लागि छुट्टै तरकारी तथा फलफुलको लागि थोक बजार पनि उपलब्ध छ । अर्गानिक तरकारी बजार भनेर साप्ताहिक रुपमा किसान बजार को शुरुवात पनि गरीएको छ ।

१०. सूचना तथा सञ्चारको अवस्था

पोखरा उपत्यकामा ११ स्थानीय पत्रपत्रिका र दर्जन एफ एम रेडियो सञ्चालनमा रहेका छन् भने ४ वटा स्थानीय टेलिभिजन र केवल सेवा प्रदायकहरु रहेका छन् । यहाँ वर्ल्डलिङ्क, पोखरा ईन्टरनेट, सुविसु जस्ता ईन्टरनेट सेवा प्रदायक निजी कम्पनीहरु सक्रिय छन् भने नेपाल टेलिकम, एनसेल लगायतका मोवाईल सेवा प्रदायकले पनि ईन्टरनेट सुविधा दिने गर्दछन् । छापा पत्रिकाहरुमा समाधान, आदर्श समाज आदि महत्वपूर्ण छन् भने कान्तिपुर र नागरीक जस्ता राष्ट्रिय दैनिकले गण्डकी प्रदेशको संस्करण छाप्ने गर्दछन् । पोखराबाट संचालित अनलाईन पोर्टलहरु समाचारपाटी डट कम, गन्धन डट कम, पोखरा न्युज, ताण्डव न्यूज, योनेपाल डट कम आदि सक्रिय छन् । यसका अलावा विषयगत मन्त्रालय र विभागका आफ्नै वेभसाईटहरु पनि सूचना सम्प्रेषण गर्न सक्रिय छन् ।

११. कृषि क्षेत्रमा सक्रिय सरकारी तथा गैरसरकारी निकायहरु


कृषिको आधुनिकीकरण र व्यवसायिकरणमा अग्रणी भूमिका खेल्ने महत्वपूर्ण संस्थाको रुपमा पोखरा महानगर मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, तरकारी सुपरजोन कार्यान्वयन ईकाई, अग्रणी देखिएको छ । यसका अलावा जाईका, जर्मन नियोग, विनरक ईन्टरनेशलन, कादुरी, अक्सफाम, केयर नेपाल जस्ता अन्तराष्ट्रिय गैरसरकारी संस्था र तिनीहरुका परियोजनाहरुले उल्लेखनीय भूमिका खेलेका छन् । सरकारी तवरले जिल्ला कृषि विकास कार्यालय कास्की, क्षेत्रिय कृषि निर्देशनालय पोखरा, वागवानी अनुसन्धान केन्द्र पोखरा, महानगरीय कृषि महाशाखा, कृषि विकास वैंक र आंशिक रुपमा साना किसान वैंक र कृषि सहकारी संस्था र तिनीहरुका सञ्जालहरु पनि कृषि विकास रणनिती निर्माण, कार्यान्वयन मा सहयोग पुऱ्याएका छन् । पोखरा महानगरपालिकामा लि-वर्ड, नेष्ट, माछापुच्छ्रे विकास संस्था, द बजार जस्ता गैरसरकारी संस्थाहरुले टेवा पुऱ्याउँदै आएका छन् ।

CamScanner

खण्ड-१
परियोजना परिचय

१. पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल, एक दक्षिण एशियाली भूपरिवेष्ठित हिमाली राष्ट्र हो। यसको भौगोलिक अक्षांश २६ डिग्री २२ मिनेट देखि ३० डिग्री २७ मिनेट उत्तर र ८० डिग्री ४ मिनेट देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तर सम्म फैलिएको छ। यसको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ। यो क्षेत्रफल पृथ्वीको कूल क्षेत्रफलको ०.०३५% र एशिया महादेशको ०.३५% पर्दछ। लण्डन स्थित ग्रीनवीच मिनटाइम भन्दा पूर्वतर्फ रहेकोले गौरीशङ्कर हिमालको नजीक भएर जाने ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानी नेपालको प्रामाणिक समय ५ घण्टा ४५ मिनेट आगाडि मानिएको छ।



नेपालको पूर्वी सीमाना मेची नदी देखि पश्चिमी सिमाना महाकाली नदीसम्मको कूल लम्बाई ८८५ कि.मि. छ। उत्तर देखि दक्षिणको चौडाई एकनासको छैन। पूर्वी भाग भन्दा पश्चिमी भाग केही चौडा छ। त्यस्तै मध्य भाग भने केही खुम्चिएको छ। यसमा अधिकतम चौडाई २४१ कि.मि. र न्युनतम चौडाई १४५ कि.मि. रहेको छ। यसर्थ नेपालको सरदर चौडाई १९३ कि.मि. रहेको छ। नेपालको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ भने दक्षिण, पूर्व र पश्चिममा भारत पर्दछ। नेपालका ८०.५% भन्दा बढी नागरिक हिन्दू धर्म मान्दछन् जुन विश्वकै सबैभन्दा बढी प्रतिशत हिन्दू धर्मावलम्बी हुने राष्ट्र पनि हो। यस बाहेक बौद्ध, मुस्लिम, किराँत आदि धर्म मान्ने मानिसहरू पनि यहाँ बसोबास गर्दछन। एउटा सानो क्षेत्रको लागि नेपालको भौगोलिक विविधता निकै उल्लेखनीय छ। यहाँ तराईका उष्ण फाँट देखि चिसा हिमालयका शृंखलाहरु अवस्थित छन्। संसारका सबै भन्दा उच्च १४ हिमश्रृंखला मध्ये ८ वटा नेपालमा पर्दछन्। जसमध्ये संसारको सर्वोच्च शिखर सगरमाथा पनि एक हो। नेपालको प्रमुख शहर एवं राजधानी काठमाडौं हो।

नेपालको कुल खेतीयोग्य जमिन ३० लाख ९१ हजार हे. रहेको छ। राष्ट्रिय कृषि गणना २०६८ अनुसार नेपालको कृषि जमिनको औषत आकार ०.६८ हेक्टर र प्रति कित्ताको औषत आकार ०.२१ हे. रहेको छ। खण्डिकृत जमिनमा परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरीदै आएको र कृषि विकासका लागि भएका सरकारी प्रयासहरु सिमित स्रोत र साधनहरुका कारण एकीकृत रुपमा नभई छरिएर जाने गरेकाले प्रतिफलमुखी हुन सकेका छैन। कृषिलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गर्न नसक्दा यस क्षेत्रमा लगानीका लागि निजि क्षेत्र र रोजगारीका लागि युवा उद्यमीहरु आकर्षित हुन सकेको छैन। गुणस्तरीय कृषि उत्पादन सामग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु, कृषि उपज उत्पादनमा यान्त्रिकरण अवलम्वन हुन नसक्नु र कृषि विकासका लागि आवश्यक सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, कृषि उद्योगहरुसंगको समन्वयको अभाव रहदै आएको तथा बजारमुखी उत्पादन हुन नसकेकाले कृषिलाई व्यवसायका रुपमा नभई परम्पराका रुपमा मात्र अवलम्बन गरीदै आइएको छ। यिनै पृष्ठभूमिलाई मध्यनजर गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाका कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना गरीएको हो।

२. कृषि क्षेत्रको समग्र परिदृष्य

देशको करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषि क्षेत्रमा निर्भर रहेको भएता पनि यस क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा करिब ३२.५ % (आर्थिक सर्वेक्षण, २०१५) योगदान रहेको छ। साना कृषकहरुको बढि संलग्नता रहेको र निर्वाहमुखी कृषि प्रणाली बाट गुज्रिरहेकोले कृषि क्षेत्रमा संलग्न श्रमिकहरुको उत्पादकत्व निकै कम रहेको छ भने कृषिमा व्यावसायिकरण एवं विविधिकरण हुन सकेको छैन। आर्थिकरुपले जनशक्ति दिनानुदिन विदेशीने क्रम बढ्दै जाँदा कृषि क्षेत्रमा बढ्दै गइरहेको श्रम शक्तिको अभाव, कृषि उत्पादनमा बढ्दो उत्पादन लागत, बढ्दो जग्गाको खण्डिकरण तथा घडेरीकरण, उर्वर कृषि भूमिको गैर कृषि प्रयोग, जलवायु परिवर्तनको नकारात्मक प्रभाव, उत्पादनको सामानहरुको अपर्याप्त आपुर्ति, ग्रामिण भौतिक पूर्वाधारहरुको अपर्याप्तता, साना, खण्डित र अव्यवस्थित भू-उपयोगको अवस्था, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्ति सर्वसुलभ नहुनु, कृषि उत्पादन विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन नसक्नु, जीवनाशक विषादीको सुरक्षित प्रयोगबारे पर्याप्त जानकारी नहुनु, अनुसन्धान शिक्षा र प्रसार बिचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरु पर्याप्त मात्रामा विस्तार हुन नसक्नु जस्ता कारणहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन सकेको छैन। देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा तथा अनुसन्धानको अवस्था, उन्नत बीउ विजन, प्रविधि लगायतका उत्पादनका श्रोतसाधन, कृषि उद्यमी युवा तथा सिमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र राष्ट्रिय आवश्यकता तथा नेपालले अर्न्तराष्ट्रिय स्तरमा गरेको सन्धि, सम्झौता एवं प्रतिबद्धताहरु, दिगो विकास लक्ष्य २०३०, राष्ट्रिय नीतिहरुमा गरेको प्रतिबद्धतालाई मध्यनजर राख्दै कृषिजन्य उत्पादन एवं व्यापारमा प्रतिस्पर्धा, व्यावसायिकरण, यान्त्रिकरण, विविधिकरणमा जोड दिनुका साथै आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गहरुलाई समेत प्राथमिकता दिई सरकारी, सहकारी, निजी साझेदारीको अवधारणा अंगिकार गर्दै कृषि पेशालाई सम्मानजनक बनाई आय तथा रोजगारी सिर्जना, गरीवी न्युनीकरण, सुधारात्मक व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रुपान्तरण मार्फत आर्थिक रुपान्तरण गर्दै राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउनु आजको प्रमुख आवश्यकता रहेको छ।

३. कृषि रुपान्तरणको आवश्यकता

२०७२ सालमा जारी भएको नेपालको संविधानले खाद्य सम्बन्धि हकलाई जनताको मौलिक हकका रुपमा स्थापित गरीसकेको साथै दिगो आत्मनिर्भर एवं व्यावासायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० वर्षे रणनिति (ADS) (२०१५-२०३५) कार्यान्वयनको क्रममा रहेको छ। विनासकारी भूकम्प र सो पश्चात असहज पारवाहनबाट सिर्जित परिस्थितीका कारण खाद्यान्न उत्पादन र उपलब्धतामा थप असहजता आउनुको साथै बढ्दो आयात र घट्दो निर्यातले चुलिदै गएको व्यापार घाटाले कृषिमा आश्रित नेपालको समग्र अर्थतन्त्र नै धरायसी बन्दै गइरहेको छ। देशको युवा शक्तिको बढ्दै गएको विदेश पलायन, श्रम शक्तिको अभाव र खेतीयोग्य कृषि भूमि बाँझो रहने क्रम बढिरहेको परिप्रेक्षमा जनताको आधारभूत आवश्यकताका रुपमा रहेको कृषि उपजहरुमा परनिर्भताको अन्त्य गरी बढ्दो आयातलाई प्रतिस्थापना र निर्यातलाई प्रर्वद्धन गर्नका लागि नेपाल सरकारले जारी गरेको स्वेत-पत्र, कृषि विकासको २० वर्षे रणनितिका साथै कृषि विकास मन्त्रालयको प्रतिबद्धताहरु २०७२ समेतलाई मध्यनजर राख्दै विभिन्न सरोकारवाला निकायहरुसँगको सहभागिता एवं पृष्ठपोषण सहित कृषिको व्यावासायिकरण मार्फत औद्योगिकीकरणमा रुपान्तरणका लागि भौगोलिक सम्भाव्यता र तुलनात्मक लाभका आधारमा छनौट गरीएका क्षेत्र र बालीहरुमा एकीकृत रुपमा सघन कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्नु आजको प्रमुख आवश्यकता रहेको छ।

४. कृषिको आधुनिकीकरण

नेपालको कुल खेतीयोग्य जमिन ३० लाख ९१ हजार हेक्टर रहेको छ। राष्ट्रिय कृषि गणना २०६८ अनुसार कृषि जमीनको औषत आकार ०.६८ हेक्टर र प्रति कित्ताको औषत आकार ०.२१ हे. रहेको छ। खण्डिकृत जमीनमा परम्परागत रुपमा निर्वाहमुखी खेती प्रणालीको अवलम्बन गरीदै आएको र कृषि विकासका लागि भएका सरकारी प्रयासहरु सीमित स्रोत र साधनहरुका कारण एकिकृत रुपमा नभई छरिएर जाने गरेकाले प्रतिफलमुखी हुन सकेको छैन। कृषिलाई नाफामूलक व्यवसायका रुपमा स्थापित गर्न नसक्दा यस क्षेत्रमा लगानीका लागि निजी क्षेत्र र रोजगारीका लागि युवा उद्यमीहरु आकर्षित हुन सकेको छैन्। गुणस्तरीय कृषि उत्पादन सामाग्रीहरुको उपलब्धता सुनिश्चित गर्न नसक्नु र कृषि विकासका लागि आवश्यक सिंचाई, कृषि सडक, ग्रामिण विद्युतिकरण, कृषि उद्योगहरु सँगको समन्वयको अभाव रहँदै आएको तथा बजारमुखी उत्पादन हुन नसकेकोले कृषिलाई व्यवसायका रुपमा नभई परम्पराका रुपमा मात्र अवलम्बन गरीदै आईएको छ। यिनै पृष्टभूमिलाई मध्यनजर गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली/बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरण परिकल्पना गरीएको छ।

५. परियोजना मार्फत कृषिको आधुनिकीकरण के, किन र कसरी ?

पछिल्लो समय नेपालको समग्र कृषि क्षेत्रमा केही आधुनिकीकरण संकेत र परिदृश्यहरु देखिएका छन्। उन्नत कृषि सामाग्रीहरु तथा प्रविधिको प्रयोग, यान्त्रिकरण, बजारमा आधारित कृषि उपज उत्पादन तथा वितरण, कृषि फर्मको नाफा नोक्सानको हिसाब राख्ने प्रचलन आदिलाई कृषि क्षेत्रको समग्र आधुनिकीकरणका प्रारम्भिक संकेतको रुपमा लिन सकिन्छ। कृषि क्षेत्रमा बढ्दो निजी लगानी यसको अर्को संकेत हो। हाल कृषि क्षेत्रको आधुनिकीकरणको प्रक्रियाको थालनी भए पनि समग्र ग्रामिण कृषि अर्थतन्त्रलाई रुपान्तरण गर्ने गरी यो प्रक्रिया तीव्र वाह्य परिवेश

सापेक्ष हुन सकेको छैन्। कृषि क्षेत्रको समग्र आधुनिकीकरण प्रक्रियालाई तिव्र पार्न र वाह्य परिवेशसँग सामन्जस्यता ल्याउन आधुनिक कृषिका निम्न आयामहरुलाई समावेश गरी आधुनिकीकरणको प्रक्रियाको थालनी गर्न यस प्रधानमन्त्री कृषि आधुनिकीकरणका लागि निम्न अनुसारका रणनीतिहरु अवलम्बन गर्नेछ।

१. भूमिको वैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्बन
३. कृषिमा यान्त्रिकीकरण
४. कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
८. वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अवलम्बन

६. परियोजनाको परिचय

नाम : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजनाको अवधि : २०७३ श्रावण (२०८२ असार (१० वर्ष)

परियोजना अवधिभरको कुल अनुमानित लागत : रु. १ खर्व ३० अर्व ७४ करोड २० लाख

आ.व. २०७३/७४ को बजेट : रु. ५ अर्व ७८ करोड ६२ लाख ७५ हजार

६.१ परियोजनाका सम्भागहरु

६.१.१. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
६.१.२ व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम
६.१.३ व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
६.१.४. वृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम

६.२ परियोजना सञ्चालनको अवधारणा

६.२.१ कृषियोग्य जमीनको चक्लाबन्दी
६.२.२ बिशिष्टिकृत व्यावसायीकरण
६.२.३ उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास
६.२.४ अन्तराष्ट्रिय रूपमा बजारमा प्रतिस्पर्धी कृषि र औद्योगिकरण
६.२.५ उपलब्धीमा आधारित सहजीकरण (Smart Output based Facilitation)

६.३ परियोजना सञ्चालन गर्ने निकाय

नेपाल सरकार, कृषि विकास मन्त्रालय।

सहयोगी निकायहरु

- अर्थ मन्त्रालय
- सिंचाई मन्त्रालय
- वन तथा भू-संरक्षण मन्त्रालय

CamScanner

- उद्योग मन्त्रालय
- वाणिज्य मन्त्रालय
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- उर्जा मन्त्रालय
- पशुपंक्षी विकास मन्त्रालय
- शहरी विकास मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- शिक्षा मन्त्रालय

६.४ परियोजनाको सोंच, लक्ष्य एवं उद्देश्य

६.४.१ सोंच

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने ।


६.४.२ लक्ष्य

समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने ।

६.४.३ उद्देश्यहरु

१. प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने,
२. निर्यातयोग्य कृषि वस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
३. कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने,
४. बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

CamScanner



चित्र १. परियोजनाको अवधारणागत ढाँचा

६.५. विद्यमान नीतिगत व्यवस्था र परियोजना बीचको अन्तरसम्बन्ध

६.५.१ चौधौं त्रिवर्षीय योजना र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बीचको अन्तरसम्बन्ध चौधौं त्रिवर्षीय योजनाको कृषि क्षेत्रसँग सम्बन्धित निम्न उद्देश्यहरु हासिल गर्न यस परियोजनाले सहयोग पुरयाउने छ।

- कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धा क्षमता विकास
- तुलनात्मक लाभ हुनसक्ने आधारभूत खाद्यवस्तुको उत्पादनमा आत्मनिर्भरता हासिल
- कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्र माथिको निर्भरता कम गर्ने

६.५.२ **Zero Hunger Challenge National Action Plan** (२०१६-२०२५) परियोजना


Zero Hunger Challenge National Action Plan (२०१७/२०१५) का ५ स्तम्भहरु मध्ये चौथो स्तम्भ (साना कृषकहरुको उत्पादकत्व र आम्दानी वृद्धि गर्ने) लाई सम्बोधन गर्नका लागि यस परियोजनाले सहयोग पुरयाउने छ।

CamScanner

६.५.३ कृषि विकास रणनीति (ADS) र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना बीचको अन्तरसम्बन्ध

नेपालको समग्र कृषि क्षेत्रको विकासका लागि दिगो आत्मनिर्भर एवं व्यावसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० वर्षे रणनीति (ADS) (२०१५-२०३५) कार्यान्वयनको क्रममा रहेको छ। ADS को मूल अवधारणा ढाँचा (Conceptual Framework) बमोजिम समाजको हालको कृषि क्षेत्रमा आधारित आर्थिक संरचनाबाट सेवा र उद्योग क्षेत्रमा आधारित हुने किसिमले परिवर्तित भई हुने कृषि क्षेत्रको रुपान्तरण हो। आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र ADS को सोच रहेको छ। ADS को सोच (Vision) हासिल गर्नलाई चार रणनीतिक अवयवहरु (सुशासन, उत्पादकत्व, नाफामुलक व्यवसायिकरण र प्रतिस्पर्धी क्षमता) द्वारा द्रुत विकास गरीने उल्लेख छ। जसमा प्रतिस्पर्धी क्षमता, दीगोपन (प्राकृतिक श्रोत साधन तथा आर्थिक दुबै) निजी तथा सहकारी क्षेत्रको विकास र पूर्वाधारको सन्जाल (उदाहरणका लागि कृषि सडक, संकलन केन्द्रहरु, प्याकेजिङ्ग घरहरु, बजार केन्द्रहरु), सूचनाका पूर्वाधार तथा सूचना सञ्चार प्रविधि र उर्जा पूर्वाधारहरु (उदाहरणका लागि ग्रामिण विद्युतीकरण, नविकरणीय एवं वैकल्पिक उर्जाका श्रोतहरु) मार्फत कृषि विकासलाई अगाडि बढाइने उल्लेख छ। ADS समग्र कृषि क्षेत्रको मार्गदर्शक रणनीति भएकाले यसको माथि उल्लेखित मुल मर्म अनुसारका लक्ष्यहरु हासिल गर्नका लागि कषि क्षेत्रलाई प्रत्यक्ष रुपमा उद्योगसँग आबद्ध गराई मूल्य श्रृंखलाका सम्पूर्ण अवयवहरुको समुचित संयोजन र बहुसरोकारवाला निकायहरुसँगको निकटतम सम्बन्ध मार्फत कृषिको औद्योगिक र व्यावसायिकरणका लागि यस परियोजना तर्जुमा भएकाले पुर्ण रुपमा ADS को रणनीतिक उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउन यो परियोजना लक्षित गरीएको छ। कृषि विकास रणनीतिको रणनीतिक अवयवहरु फल्यागसीप कार्यक्रमहरु र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका बीचको सम्बन्धलाई चित्र २ मा देखाईएको छ। उक्त चित्रमा देखाए अनुसार यस परियोजनाले ४ वटै फल्यागसीप कार्यक्रमहरु कार्यान्वयनमा महत्वपूर्ण योगदान पुर्याउनेछ। कृषि विकास रणनीतिको महत्वपूर्ण फल्यागसीप कार्यक्रम मूल्य श्रृंखला विकास कार्यक्रम अन्तर्गत यस परियोजनावाट पकेट, ब्लक, जोन र सुपरजोनहरुको स्थापना गरी प्रथम वर्षमै १८ वटा कृषि उपजका मूल्य श्रृंखला विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ। आगामी दिनमा थप अन्य बालीहरुका मूल्य श्रृंखला समेत सञ्चालन गरीनेछन्। परियोजनाले पकेट, ब्लक, जोन र सुपरजोनहरुमा मूल्य श्रृंखलाका सबै सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिहरुको गठन गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ। जसले बाली विशेषका एलाईन्सहरु गठन गरी राष्ट्रिय रुपमा लक्षित बालीको मूल्य श्रृंखला विकास कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्याउने छ। त्यस्तै कृषि विकास रणनीतिको दोश्रो महत्वपूर्ण कार्यक्रम विकेन्द्रित कृषि शिक्षा तथा प्रसार कार्यक्रमलाई कार्यान्वयन गर्न जोन र सुपरजोनहरुमा कृषि शिक्षा, अनुसन्धान तथा प्रसारलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ भने पकेट र ब्लकहरुमा समुदायमा आधारित कृषि प्रसार सेवाका गतिविधि सञ्चालन गरिनेछ। पकेट र ब्लकहरुमा एक गा.वि.स. एक प्राविधिकको अवधारणा अनुरुप हाल नियुक्त गरिएका कृषि प्राविधिकहरुलाई अधिकतम परिचालन गर्ने र कृषि विकास रणानीतिमा व्यवस्था भए बमोजिमका सामुदायिक कृषि प्रसार सेवा केन्द्र (CAESC) स्थापना भए पश्चात् समुदायले नै कृषि प्राविधिकहरु मार्फत कार्यक्रमहरु सञ्चालन गर्नेछन्। कृषि विकास रणनीतिमा व्यवस्था भए अनुसार यस परियोजनाले प्रत्येक प्रान्तमा स्थापना गरीएका सुपरजोनहरुलाई प्रत्यक्ष टेवा पुग्ने गरी कृषि कलेज र शैक्षिक संस्थाहरुको स्थापना गर्न सहयोग गर्नेछ। ती कलेजर शैक्षिक संस्थाहरुमा प्रान्तीय आवश्यकता तथा सुपरजोनहरुको लक्ष्यलाई केन्द्रित गरी अध्ययनहरु सञ्चालन हुनेछन्। यस्तै कृषि स्नातकहरुलाई ईन्टर्नको रुपमा सेवा प्रदान गर्ने व्यवस्था गरीएको हुँदा यसले कृषि शिक्षालाई प्रत्यक्ष रुपमा कृषि प्रसारसँग जोडनेछ। यसरी कृषिको विशिष्टीकरण सँगै आवश्यक पर्ने आधुनिक कृषि

प्रसार, विकेन्द्रित कृषि शिक्षा र अनुसन्धानलाई एकीकृत रुपमा उपयोग गर्ने नीति परियोजनाले लिएको छ। कृषि विकास रणनीतिको तेश्रो फ्ल्यागसीप कार्यक्रम नवप्रवर्तन तथा कृषि उद्यमशिलता कार्यक्रमलाई कार्यान्वयन गर्न पकेट, ब्लक, जोन र सुपरजोनहरुमा प्रविधि केन्द्रहरु, नवप्रविधि केन्द्रहरु, उद्यमशिलता विकास, कृषि उपजहरुको प्रशोधन तथा वस्तु उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछन्। पकेट ब्लक जोन र सुपरजोनहरुमा कृषिसँग सम्बन्धित साना तथा मझौला व्यवसायहरु सञ्चालन गर्न सहकारी निजी क्षेत्र तथा लक्षित समूहहरु, युवा, महिला तथा विपन्न वर्गहरुको लागि अनुदानको व्यवस्था गरीएको छ। कृषि विकास रणनीतिको चौथो महत्वपूर्ण फ्ल्यागसीप कार्यक्रम खाद्य तथा पोषण सुरक्षा कार्यक्रमलाई कार्यान्वयन गर्न यस परियोजनाले पकेट, ब्लक, जोन र सुपरजोनहरुमा समग्र कृषिको उत्पादन वृद्धिका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय स्तर र राष्ट्रिय स्तरमा खाद्य तथा पोषण सुरक्षालाई सुनिश्चित गर्ने गरी गतिविधिहरु सञ्चालन गर्नेछ। पोषण सुरक्षाले महत्वपूर्ण देखिएका स्थानीय बालीहरुको पकेट र ब्लक उत्पादन कार्यक्रमहरु सञ्चालन गरी खाद्य तथा पोषण सुरक्षा प्रबर्द्धन गर्ने कार्यक्रमहरु लक्षित गरिएको छ। पकेट, ब्लक, जोन र सुपरजोनको उत्पादनको गुणस्तरीयता कायम गर्न घुम्ती प्रयोगशाला सेवाहरु सुनिश्चित गरिएको छ जसले खाद्य स्वच्छता गुणस्तर कायम गरी खाद्य तथा पोषण सुरक्षालाई सुनिश्चित गर्न टेवा पुग्नेछ। यसरी प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाका परियोजना निर्देशक, कृषि विकास मन्त्रालयको कृषि विकास रणनीति कार्यान्वयन सहायता इकाई (ADSISU) र फ्लागशिप मेनेजरहरुको आपसी समन्वयमा यो परियोजनाका कार्यक्रमहरु सञ्चालन हुनेछन्।



कृषि विकास रणनीति परियोजनाको सम्बन्ध

चित्र २. फ्ल्यागसिप कार्यक्रम र परियोजनाको सम्बन्ध

६.६ परियोजनामा जोखिम तथा अनुमान

प्रस्तावित परियोजनामा संभावित जोखिमका क्षेत्रहरू र तिनका निराकरणका उपाय पहिल्याइएका छन्। राज्य पुनर्संरचनाको क्रममा प्रान्तीय तथा स्थानीय प्राथमिकता परिवर्तन हुन गई कनै प्रान्त स्थानीय निकायले परियोजनाको हालको मोडेल उपयोग नगरी अन्य मोडेलमा गएमा वा चाहेमा परियोजनको प्रक्षेपित उपलब्धी हासिल

हुन नसक्ने र यो जोखिम कम गर्नका लागि प्रान्तीय सरकारहरुको गठन भइसकेपछि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कृयाकलापहरुलाई हस्तान्तरण गरिने छ। केन्द्रबाट सशर्त अनुदानका रुपमा यस परियोजना कृयाकलापहरुका लागि बजेट उपलब्ध गराइने छ। बदलिंदो राजनीतिक परिवेश र सरकार परिवर्तनसंगै परिवर्तन हुने प्राथमिकताले आयोजनाको कार्यान्वयनमा नकारात्मक असर पार्न सक्ने हुँदा यसको जोखिमलाई न्यूनीकरण गर्नको लागि परियोजना निर्देशकले स्वयं परियोजनामा जनशक्तिहरुको चयन गर्ने र कार्यसम्पादन सन्तोषजनक रहेको अवस्थामा कम्तीमा तीन वर्षसम्म सो जनशक्तिलाई परिवर्तन गर्न नपाइने व्यवस्था गरीनेछ।

जलवायु परिवर्तनको कारण आउन सक्ने प्राकृतिक विपदहरूले लक्षित क्षेत्रको उत्पादन र उत्पादकत्वमा नकारात्मक असर पर्न सक्ने हुँदा यसलाई न्युनिकरण गर्नको लागि अनिवार्य बाली विमाको व्यवस्था, अनुसन्धानमार्फत स्थानीय स्तरमै जलवायु अनुकुलन प्रविधिहरुको विकास गरी कृषकहरुलाई हस्तान्तरण गरी सञ्चालन गरीनेछ। आयोजनाको समयमानै सम्बन्धित निकायबाट स्विकृति र कार्यान्वयनको लागि प्राप्ति नहुने अवस्थाबाट उत्पन्न हुने जोखिम कम गर्न समयमा नै कार्यान्वयन तालिका निर्माण गरी सो अनुसार कार्यान्वयन प्रक्रियामा लगिनेछ। प्रत्येक वर्ष बजेट सुनिश्चितताको लागि सैद्दान्तिक रुपमा प्रक्षेपित बजेट स्विकृतिका लागि यसैसाथ संलग्न छ। खुलाबजार अर्थतन्त्रमा कार्यरत वर्तमान अवस्थामा अन्य छिमेकी देशहरुमा हुन सक्ने अनुदान नीतिको फेर बदलले लक्षित क्षेत्रको उत्पादनको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउन सक्ने जोखिमलाई न्युनिकरण गर्न उत्पादन क्षेत्रहरुमा दिइने अनुदानलाई समय सापेक्ष बनाउदै लगिने छ र उत्पादन क्षेत्रहरुको निर्माण गर्दा तुलनात्मक लाभका बालीहरुलाई प्राथमिकता दिइने छ।

दीर्घकालिन कृषि योजनाले अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुमा कार्यान्वयन थलोमा कमजोर समन्वय रहेकोमा यस परियोजनमा पनि समन्वयको अवस्था कमजोर हुनसक्ने जोखिम रहेको छ। यसलाई निराकरण गर्न उद्योग, सिंचाइ, वन जस्ता कार्यक्रमका लागि परियोजनाबाटै बजेट उपलब्ध हुने तथा योजना तर्जुमा र कार्यान्वयन कृषकहरुले नै गर्ने हुनाले यस्तो जोखिम कम हुने अपेक्षा गरीएको छ।

६.५ जलवायुको प्रभाव

- नेपालको कृषि क्षेत्र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको क्षेत्र हो। कृषि क्षेत्रमा जलवायु परिवर्तनका नकारात्मक तथा सकारात्मक असरहरु देखिन शुरु गरेका छन्। यस परियोजनाले लक्षित गरेका पकेट, ब्लक, जोन, सुपरजोनहरुमा जलवायु परिवर्तनको असर पर्ने निश्चित प्रायः छ। यस परियोजनाले जलवायु परिवर्तनको सन्दर्भमा छुट्टै खालको पद्धति अवलम्बन गरेको छ।
- पकेट र ब्लकहरु बनाउँदा कृषकहरुलाई climate smart farming गर्ने गरी उत्प्रेरित गर्न र सोही अनुसार प्रविधि सहुलियत उपलब्ध गराउने व्यवस्था परियोजनमा गरीएको छ।
- उत्पादन क्षेत्रहरुमा green house gases कम उत्पादन गर्ने प्रविधिहरु अपनाउन कृषकहरुलाई उत्प्रेरित गर्ने, सुपरजोनमा अनुसन्धान इकाई पनि स्थापना हुने हुनाले जलवायु अनुकुलन हुने प्रविधिहरु अनुसन्धान गरी कृषकहरुलाई हस्तान्तरण गरीने छ।
- जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम कम गर्न लक्षित उत्पादन केन्द्रहरुमा बाली विमाको व्यवस्था अनिवार्य गरिएको छ।
- पकेट र Block हरुमा प्राङ्गारिक उत्पादन गर्न चाहने कृषकहरुलाई सोही अनुसारको सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ।

CamScanner

६.८ बढ्दो शहरीकरण तथा परियोजनाका कार्यक्रमहरु

नेपालमा तिब्र रुपमा ठूला शहरी केन्द्रहरुको विकास भईरहेकोले गर्दा त्यस्ता केन्द्रहरुमा कृषिजन्य उत्पादनहरुको माग निरन्तर बढ्दै गएको छ। यस परियोजनाले साना तथा ठूला शहरी केन्द्रहरुमा कृषि बजारका पूर्वाधारहरु बनाउने र यस्ता पूर्वाधारहरुसँग लक्षित उत्पादन केन्द्रहरुलाई जोडने कार्यक्रम तय गरेको छ। मुख्यतया पकेट र ब्लकहरु स्थापना गर्दा साना तथा ठूला शहरी केन्द्रहरुको आसपास गर्न कृषकहरुलाई उत्प्रेरित गरिने छ। यस परियोजनाले लक्षित उत्पादन केन्द्रहरुलाई जोड्नेगरी साना पूर्वाधारहरुको विकास गर्ने कार्यक्रम रहेको र यसले एउटा Robust Rural Urban Linkage स्थापना गर्ने अपेक्षा गरेको छ। जोन र सुपरजोनहरुमा उत्पादन प्रशोधन उद्योगहरु समेत स्थापना हुने भएकोले ग्रामिण भेगमा प्रशोधित उत्पादन शहरी केन्द्रहरुमा विक्री हुने हुनाले समेत Rural Urban Linkage सुदृढ हुनेछ।

६.९ परियोजनामा सामाजिक र वातावरणीय पक्ष

परियोजनामा वातावरणीय र सामाजिक पक्षलाई विशेष ध्यान दिइएको छ। वातावरणीय पक्षमा विषादीको प्रयोगलाई न्यून गर्ने, प्रांगारिक मलको प्रयोगलाई बढाउने, जैविक विषादी उत्पादन कारखानाको स्थापना गर्ने, माटो परीक्षण कार्यलाई निरन्तर रुपमा गर्ने, कृषि वन प्रणालीलाई अगाडी वढाउने कार्यक्रमहरु तय गरिएका छन्। स्थानीय उत्पादनलाई बढाउन सहयोग पुग्ने खाली जग्गाहरुमा फलफुल तथा गैरकाष्ठ वन पैदावारको रोपण गर्ने कार्यक्रमहरु रहेका छन। प्रशोधन उद्योग तथा उत्पादन सामाग्रीहरुको उद्योगहरु स्थापना गर्दा वातावरणीय पक्षलाई समेत ध्यान दिनुपर्ने प्रावधानहरु राखिएको छ। सामाजिक पक्षको हकमा साना विपन्न, साना तथा ठूला कृषकहरु तथा महिलाहरुले उत्पादन तथा प्रशोधन कार्यहरुमा सहभागी हुनसक्ने प्रावधानहरु राखिएका छन्। करार प्रणालीलाई प्रर्वद्धन गर्न पकेट तथा ब्लकहरु सञ्चालनको व्यवस्था गरीएको छ। साना कृषकहरुले करारमा जमिन लिएर उत्पादनका पकेट र ब्लकहरु सञ्चालन गर्न सक्ने छन्। जोन र सुपरजोनमा स्थापना हुने उद्योगहरुमा रोजगारी प्राप्त गर्ने छन्।

६.१० कूल गार्हस्थ उत्पादन र परियोजनाको प्रक्षेपण


हाल कृषिमा रहेको जनसंख्या २/३ रहेकोमा परियोजनाको अन्तसम्ममा कृषिमा निर्भर जनसंख्या घटेर ५५ % सम्म रहने अनुमान गरिएको छ। खासगरी मुल्य श्रृंखलाका अन्य अवयवहरु, उत्पादन सामग्रीको उत्पादन तथा बजारीकरण, कृषि प्रसार तथा प्राविधिक सेवा, फार्म मेशिनरीहरुको सञ्चालन, उत्पादित कृषि उपजको प्रशोधन तथा बिक्री वितरणमा रोजगारीका अवसरहरु प्राप्त हुने हुनाले पनि कृषिमा निर्भर जनसंख्या घट्ने छ। यस बाहेक कृषिको उत्पादन क्षेत्रमा रहने जनसंख्याको उत्पादनको विशिष्टीकरण सगै उत्पादकत्व बढने छ। उत्पादनको विशिष्टीकरण हुन हुनाले कृषि कार्यमा कार्यारत मजदुरको उत्पादकत्व वढ्ने परियोजनाले अपेक्षा गरेको छ। हाल कृषि क्षेत्रको समग्र GDP मा योगदान ३२.५ % रहेकोमा परियोजनाको अन्त सम्ममा AGDP वढ्ने तर अर्थतन्त्रका अन्य क्षेत्रहरुमा वृद्धि हुने भएकोले समग्र GDP मा कृषि क्षेत्रको हिस्सा २५ % सम्म घट्ने प्रक्षेपण परियोजनाले गरेको छ।

६.११ रुपान्तरणका आधारहरु (Theory of Change)

परियोजनाका सम्भागहरुमा उत्पादन सामाग्री तथा प्राविधिक सेवाको प्रवाहको सुनिश्चतता, पूर्वाधार विकास, उद्योग स्थापना, विकेन्द्रित कृषि शिक्षा, अनुसन्धान र प्रसार सेवाको अवलम्बन, विकेन्द्रित तथा सहभागितात्मक योजना तर्जुमा, उत्पादनमा आधारित अनदान तथा प्रोत्साहन प्रणालीको अवलम्बन तथा गुणस्तर नियन्त्रण जस्ता

CamScanner

गतिविधिहरु सञ्चालन गरिने छ । जसबाट लक्षित बालीहरुको वार्षिक करिब ६.५ लाख मे.टन थप उत्पादन हुनेछ । यसबाट खाद्य तथा पोषण सुरक्षा, कृषि उद्योगको लागि कच्चा पदार्थको उपलब्धता अभिवृद्धि तथा रोजगारी सृजना भई आयात प्रतिस्थापन, निर्यात प्रबर्द्धन तथा ग्रामिण गरीबी न्यूनीकरणमा सहयोग पुग्ने परियोजनाले लक्ष्य लिएको छ (चित्र ३) ।



चित्र ३. प्रक्षेपित रुपान्तरण ढाँचा

६.१२ परियोजनाबाट हुने लाभको विश्लेषण तथा समावेशीकरण

परियोजनाले देशका ७५ वटै जिल्ला समेटेको छ, र सम्पूर्ण गतिविधिहरु कृषि उत्पादनको मूल्य श्रृंखलामा आधारित रहेका छन् । ७५ वटै जिल्लामा पर्कट र लकहरु सञ्चालन हुने र ७ वटै प्रान्तमा जोन र सुपरजोन सञ्चालन गरिने भएकोले भौगोलिक समावेशीकरणलाई प्राथमिकता दिइएको छ । परियोजनाले यसको गतिविधिहरुमा साना किसान, मजदुर, ठूला कृषक, उद्योगी व्यावसायीहरुले समेत सहभागी हुने अवसर प्रदान गरेको छ ।

- साना तथा भूमिहिन कृषक पकेट तथा ब्लकहरुको सञ्चालनमा सहभागी भएर खेतीमा संलग्न भई लाभान्वित हुनेछन् ।
- कृषि मजदुर उत्पादन क्षेत्रहरुमा कृषि उत्पादन कार्यमा कृषि मजदुरहरुले सहभागी हुन पाउने छन् भने उत्पादन सामाग्री सम्बन्धी उद्योगमा, प्रशोधन उद्योग तथा बजारीकरणमा रोजगारीका अवसर प्राप्त गरी लाभान्वित हुनेछन् ।
- ठूला कृषक तथा उद्यमी, कम्पनी, फर्म ठूला कृषक तथा उद्यमी, कम्पनी, फर्महरुले पकेट ब्लक, जोन र सुपर जोनहरु सञ्चालन गरी लाभान्वित हुन सक्नेछन् ।
- उद्यमी/व्यावसायीहरु उत्पादन क्षेत्रहरुमा उत्पादन सामाग्रीका उद्योग तथा उत्पादित कृषिउपजको प्रशोधन

उद्योगहरु प्रर्वद्धन हुने र अतिरिक्त, उत्पादन क्षेत्र वाहिर रहेका कृषिउद्योगहरुले समेत कच्चा पदार्थ प्राप्त गर्नेछन् ।

- आम उपभोक्ताहरु आम उपभोक्ताहरुले उत्पादन क्षेत्रहरुमा उत्पादित स्वच्छ, गुणस्तरीय कृषि उपजहरु उपयोग गर्न पाउनेछन् ।
- **सामाजिक समावेशीकरण** : यस परियोजनाले लक्षित गरेका कार्यक्रमहरु खुल्ला, सहभागीतामूलक र विकेन्द्रीकृत योजना तर्जुमामा आधारित भएर सञ्चालन गरीने भएकोले सामाजका सबै वर्ग, तह र तप्काले सहभागी हुन पाउनेछन् । यसरी, यस परियोजनाले राष्ट्रको सामाजिक तथा भौगोलिक समावेशीकरणको उद्देश्यलाई सकारात्मक योगदान पुरयाउने अपेक्षा गरिएको छ ।
- कृषि पूर्वाधारमा गरीने लगानी, फर्म, कम्पनीको रुपमा दर्ता हुने, उत्पादन क्षेत्रहरुमा कृषिउत्पादन सामाग्रीको उत्पादन गर्ने उद्योगहरु तथा कृषि उपजको प्रशोधन गर्ने उद्योगहरुको स्थापनाले यस परियोजनामा सहभागी हुने अधिकांश सरोकारवालाहरु करको दायरा भित्र आउने छन् र ग्रामिण क्षेत्रमा उपभोग र वचत बढ्न गई गतिशिल कृषिमा आधारित ग्रामिण अर्थतन्त्रको विकास हुनेछ। राज्यको राजधमा वृद्धि हुनाका साथै AGDP मा वृद्धि हुनेछ ।
- यस परियोजनाबाट प्राप्त हुने समग्र लाभको वितरणको विश्लेषण गर्दा लाभमा सहभगिता निम्न अनुसार हुने अपेक्षा गरिएको छ ।

कृषक उत्पादक (साना ठूला)	२५%
मजदुर कृषि	२५%
उद्यमी व्यावसायी (कृषि सामाग्री उत्पादक)	२०%
उद्यमी व्यावसायी (प्रशोधन कर्ता र अन्य)	२५%
अन्य सरोकारवाला	५%

CamScanner

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, तरकारी सुपरजोन कास्की

१. परिचय

कास्की जिल्लाको पोखरा महानगरपालिकालाई कार्यक्षेत्र बनाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ४ वटा सम्भागहरु मध्ये चौथो सम्भागका रुपमा रहेको बृहद व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम आ.व. २०७३/०७४ देखि संचालनमा आईरहेको छ । कास्कीमा तरकारी सुपरजोन कार्यक्रम संचालन गर्ने निर्णय भएअनुसार यसको कार्यक्षेत्र साविक पोखरा उप-महानगरपालिका र लेखनाथ नगरपालिकाको पोखरा, हेम्जा, लेखनाथ, भरतपोखरी र निर्मलपोखरी रहेकोमा हाल पोखरा महानगरपालिका क्षेत्र कायम गरिएको छ । यस पोखरा महानगरपालिकाको पूर्वमा मादी र रुपा गाउपालिका, पश्चिममा अन्नपूर्ण र माछापुच्छे गाउपालिका, दक्षिण तनहुँ र स्याङ्जा जिल्ला र उत्तरमा माछापुच्छे गाउपालिका र मनांग जिल्ला पर्दछन् । महानगरको उचाई समुन्द्र तहबाट ४१८ देखि २७१५ मिटर पर्दछ भने कुल क्षेत्रफल ४६४.२४ वर्ग कि.मी. छ, जुन जिल्लाको २३.५ % हो भने २०६८ को जनगणना अनुसार महानगरको जनसंख्या ४१४१४१ रहेको छ, जुन जिल्लाको ८४.५ % हो । राष्ट्रिय प्राथमिकता, स्थानीय सम्भाव्यताको आधारमा तोकिएको पूर्वाधार भएको र तोकिएको बाली बस्तुमा न्युनतम १००० हेक्टर क्षेत्रफल भएको क्षेत्रलाई बृहद व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रमको रुपमा विकास गर्न कास्की जिल्लालाई सम्भावना बोकेको बिशिष्टिकृत बाली तरकारीलाई तोकी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशिला खडा गरिएको छ । यस कार्यक्रमबाट न्युनतम ३ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्दै आएका व्यवसायिक कृषक, कृषकसमूह, कृषि सहकारीहरु, जल उपभोक्ता समिति, निजी कृषि उद्यमी तथा कृषि व्यवसायीहरु लाभान्वित हुँदै आएका छन् ।

पोखरा महानगरपालिका सुन्दर पर्यटकीय शहर हो । अन्तराष्ट्रिय रुपमा पर्यटकीय शहरको परिचय बोकेको पोखरा महानगरपालिका भौगोलिक हिसाबले देशकै सबै भन्दा ठुलो महानगरपालिका बनेको छ ।

